# शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल


पत्र संख्याः

चलानी नं.:

मितिः-

## सूचना नं-३

### शंखरापुर नगरपालिकाको कृषि विकास उपशाखा अन्तर्गत संचालन हुने कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३-०५-२४

शंखरापुर नगरपालिकाको चालु आ.व २०८३/०८४ का लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक शंखरापुर नगरपालिका भित्रका विभिन्न कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह,कृषि सहकारीले यस कार्यालयको निर्धारित ढाँचाको आवेदन पत्र साथ आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात २०८३ असोज १३ गते सम्म ५:०० बजे भित्र (अन्तिम दिन सार्वजानिक विदा परेको खण्डमा त्यसको भोलिपल्ट) आवश्यक कागजात सहित संचालन हुने कार्यक्रमहरुका लागि आवेदन पेश गर्नु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल-शंखरापुर नगरपालिका अन्तर्गत कृषि विकास उपशाखा बाट संचालन हुने कार्यक्रम

| क्र.स | कार्यक्रम | एकाई | वार्षिक लक्ष्य | कार्यक्रम अनुदान विवरण | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | स्कुस टेका कार्यक्रम ५० प्रतिशत अनुदानमा । | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | ४०००००। |
| २ | मौरीपालक कृषक लाई सामाग्री (खाली मौरी घार, टोपी, Bee Keeping Bag, वितरण ५० प्रतिशत अनुदान । | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | २०००००। |
| ३ | फलफूलको विरुवाको लागि Training and Pruning को लागि ५० प्रतिशत अनुदानमा सामाग्री वितरण। | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | २०००००। |
| ४ | कृषि चुन वितरण कार्यक्रम ५० प्रतिशत अनुदान मागमा आधारित। | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | २०००००। |
| ५ | उच्च उत्पादन सम्भावना भएका क्षेत्रमा हिँउदे तथा वर्षे फलफुल ५० प्रतिशत अनुदान वितरण कार्यक्रम। | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | २०००००। |
| ६ | बेमौसमी तथा मौसमी तरकारी खेती कृषकलाई प्लाष्टिक वितरण ५० प्रतिशत अनुदान । | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | ५०००००। |
| ७ | आ.व ८२/८३ मा संचालित पकेट विकास कार्यक्रमको निरन्तरता संघीय (कार्यक्रम)। | पटक | १ | स्वीकृत दररेटमा ५० प्रतिशत अनुदान | ६०००००। |

## आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु:

क) नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

ख) सम्बन्धित वडाको सिफारिस ।

ग) जग्गाको लालपूर्जाको प्रतिलिपी ।

घ) कृषक समूह/ कृषि सहकारी/कृषि फर्मले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरको प्रमाण पत्रको प्रतिलिपी ।

ङ) समूह तथा सहकारीको हकमा सम्बन्धित संस्थाका लाभग्राही छनौट गरेको बैठक निर्णयको प्रतिलिपी ।

च) सहकारी सस्था / फर्महरुको आ.व २०८१/०८२ वा अघिल्लो आ.व को लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

छ) जग्गा भाडामा लिएको हो भन्ने कम्तिमा ५ वर्षको समझौता पत्रको प्रतिलिपी ।

नोट-यस सूचना सम्बन्धि थप जानकारीका लागि शंखरापुर नगरपालिकाको कृषि विकास उपशाखा, साँखु, काठमाण्डौ तथा कृषि सेवा केन्द्र जंहरसिंपौवा वडा नं ३ को कार्यालय मा सम्पर्क (९८५२६५५२०२, ९८५६०३७७८७, ९८४५३८९०७७) गर्न सकिने छ ।